सामाजिक पुर्वाधार विकास :-

शिक्षा :-

- यस नगरपालिकालाई पुर्ण साक्षर नगरपालिका बनाउन शिक्षण संस्था एवं शैक्षिक गुणस्तर अभिवृद्धिको कार्यक्रम संचालन सम्वर्धनमा समय सापेक्ष रुपमा सुधार गर्दै अघि बढिनेछ ।
- सामुदायिक विद्यालयको गुणस्तर अभिवृद्धि गर्दै लैजाने क्रममा वर्तमान अभिभावक एवं विधार्थीको माग बमोजिम अग्रेजी माध्यमबाट शिक्षण गराउन गत शैक्षिक सत्र देखि नै नगरपालिका भित्रका सवै सामुदायिक विद्यालयबाट कम्तीमा बालविकास शिक्षा/शिशु कक्षा/नर्सरी कक्षा अंग्रेजी माध्यमबाट पठन पाठन शुरु गरिसकिएकाले प्रभावकारी रुपले अगाडी बढाईनेछ ।
- यस नगरपालिकाको आयश्रोतमा टेवा पुर्‍याउने मा.वि. र त्यस्तै प्रकृतिका विद्यालय तथा अन्य सामुदायिक शिक्षण संस्थालाई आवश्यकता अनुसार सम्वन्धित शिक्षण संस्थाको व्यवस्थापन समितिको प्रस्तावलाई अध्ययन गरी उपयुक्त ढंगले शैक्षिक गतिविधी संचालन एवं भौतिक पुर्वाधार निर्माण गर्न गराउन आवश्यक सहयोग गरिनेछ ।

स्वास्थ्य :-

- यस नगरपालिका स्थित प्राथमिक स्वास्थ्य केन्द्र हरिपुर र अन्य स्वास्थ्य चौंकीहरुलाई नेपाल सरकारले तोकेको न्युनतम मापदण्डका निशुल्क उपलब्ध गराउनु पर्ने औषधी निरन्तर उपलब्ध गराउने व्यवस्था मिलाउने छ ,
- स्वास्थ्य संस्था एवं खोपकेन्द्रको विकास र विस्तार संगै नगरक्षेत्र भित्रका सर्वसाधारणलाई न्युनतम आधारभुत स्वास्थ्य सुविधाको प्रत्युति दिइने छ ।

सामाजिक विकासः–

- यस नगरपालिका क्षेत्रमा लागू पदार्थ दर्व्यसनी निरुत्साहित गर्न आवश्यक कदम चालिनेछ ।
- जेष्ठ, अशक्त, अपांग लगाएतलाई नेपाल सरकारले गत विगत देखि दिदै आएको सामाजिक सुरक्षा सम्वन्धी सुविधालाई दुरुपयोग हुन नदिने एवं सम्वन्धितको हातमा नै पुर्‍याउन सवै वडाहरुमा बैकिङ्ग प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने व्यवस्था मिलाईने छ ।
- यस नगरपालिका भित्रका जेष्ठ, अशक्त, एवं अपाङ्ग व्यक्तिहरुलाई विशेष सम्मान गर्दै जीवनको आयु वढाउन प्रोत्साहन गरिने छ ।

अन्य सामाजिक पूर्वाधार :–

- सामाजिक पूर्वाधारको विकासले स्वस्थ्य, सक्षम एवं सशक्त जनशक्तिको विकास हुने हुँदा त्यस्ता अत्यावश्यक पूर्वाधार पहिचान गर्दै विकास र विस्तार गर्दै लगिनेछ ।
- यस नगरपालिका क्षेत्र भित्र सुशासन अनुभूति गर्न सक्ने वातावरण निर्माण गरिनेछ ।

भौतिक पूर्वाधार :–

क) यातायात :–

- यस हरिपुर नगरपालिका भित्रका सवै वडा, गाँउवस्ती, टोलमा सडक सञ्जाल विकास र विस्तार निरन्तर गर्दै लगिनेछ ।
- मुख्यगरी उत्तर दक्षीण नवलपुर मलंगवा सडक अन्तर्गत मुल सडक बाट पुर्व पस्चीम सहायक मार्ग हरुलाई कालोपत्रे गर्ने कार्य लाई निरन्तरता दिइनेछ ।
- यस नगरपालिका भित्रको सडक सञ्जाल तोकिएको मापदण्ड अनुरुप विकास र विस्तार गर्दै नगरवासी लाई सहज यातायातको व्यवस्था मिलाईने छ ।

ख) कृषि तथा पशु विकास :–

- यस नगरपालिकाले मुख्य कृषि उत्पादन धान, तरकारी उत्पादन अभिवृद्धि गरी कृषकलाई प्रोत्साहन गर्न संरक्षण, प्रवर्दन,विकास र विस्तार गर्न आवश्यक कार्यक्रम ल्याईने छ ।
- कृषिमा उत्पादन वृद्धि, पशु नश्ल सुधार गर्दै सहकारीको माध्यमवाट कृषकको आयआर्जनमा अभिवृद्धि गरिनेछ
- कृषि वजारको विस्तार एवं विद्यमान वजार लाई व्यवस्थित रुपले संचालनमा ल्याईनेछ ।

ग) सिंचाई :–

- जमिनलाई उत्पादनशिल बनाउन कृषि योग्य जमिन बनाउन सिंचाई आवश्यक पर्ने हुँदा विद्दमान नदी, खोला वा पानीको श्रोतको संरक्षण र व्यवस्थापन गर्दै विभिन्न माध्यम वाट खेती योग्य जमिनको रुपमा विकास गरिनेछ ।

घ) खानेपानी तथा ढल सुधार :–

- यस नगरपालिका क्षेत्र भित्र खानेपानी को पाइपलाईन विस्तार लाई प्राथमिकतामा राखि ढल सुधारका कार्यक्रमलाई व्यवस्थीत गर्दै शुद्ध एवं स्वच्छ खानेपानी शिघ्र उपलब्ध गराउने र ढलनिकासको व्यवस्था मिलाउदै लगिने छ ।

ङ) भवन निर्माण :–

- यस नगरपालिकाको आन्तरिक श्रोत अभिबृद्धि गर्न नगरपालिकाको स्वामित्वमा रहेका जग्गामा आधुनीक भवन निर्माण गर्दै व्यपारिक विकासमा उपयोग गरिनेछ । यस नगरपालिकाको कार्यालय भवनको स्तरोन्नति गरि माथिल्लो तलामा सभाहलको व्यवस्था गरिनेछ ।

च) पर्यटन :–

- यस नगरपालिका क्षेत्र भित्रको धार्मिक, सांस्कृतिक एवं पर्यटकिय क्षेत्रहरुको पहिचान गर्दै सो को संरक्षण, प्रवर्द्धन र विकास गरिनेछ ।

छ) वन :–

- यस नगरपालिका भित्र रहेका  सामुदायिक वन उपभोक्ता समुहलाई क्रियाशिल वनाई वृक्षा रोपण र वन संरक्षणमा जोड दिईने छ ।

ज) खेलकुद :–

- यस नगरपालिका भित्रका संपुर्ण वडाहरुमा यूवा क्लव स्थापना गर्न उत्प्रेरित गरि  खेलकुदका सामाग्रीहरु वितरण गर्ने वातावरण मिलाईनेछ ।

झ) विद्युत तथा उर्जा विकाश :–

- यस नगरपालिका भित्र सौर्य उर्जा वा अन्य वैकल्पिक उर्जा विकासका लागी थप प्रोत्साहन गरिने छ  र विद्युतिकरण नभएका ठाँउहरुमा  विद्युतप्राधिकरण संग समन्वय गरी विद्युतिकरण गर्न पहल गरीनेछ ।

ञ) वातावरण संरक्षण :–

- यस नगरपालिका लाई स्वच्छ, सुन्दर र सफा सहरमा विकास गर्न एक घर एक विरुवाको अवधारणा लाई प्रभावकारि रुपले लागु गरीनेछ ।

ट) विपद् व्यवस्थापन :–

- विपद् व्यवस्थापनका लागी नगरस्तरिय एक छुट्टै समिति गठन गरी कोषमा आवस्यक वजेटको व्यवस्था गरिनेछ ।

ठ) भू उपभोग एवं भूमिसुधार :–

- खेतियोग्य जमिनको संरक्षण गर्ने र प्लटिङ्ग गर्ने कार्यलाई निरुत्साहित गरिनेछ ।
- नगरभित्रको ग्रामिण वस्तिलाई क्रमशः शहरीकरण गर्दै लगिनेछ ।
- यस नगरपालिका भित्र धेरै जग्गाहरु दर्तागर्न छुट भएकाले ऐलानी, पर्तिको रुपमा दखिएका त्यस्ता जग्गालाई प्रदेश तथा केन्द्र सरकारसंग समन्वय गरी प्रमाणको आधारमा स्वामित्व उपलब्ध गराउन आवश्यक पहल गरिनेछ । सरकारी, सार्वजनिक जग्गा संरक्षण गर्न कठिन भै रहेको ले सो का लागी लागत संकलनको प्रकृया अगाडी वढाईनेछ ।

ड) उपभोक्ता हित संरक्षण :–

- उपभोक्ता हितका लागी समय समयमा बजार अनुगमन गर्न विशेषज्ञ सहितको अनुगमन टोली परिचालन गरिनेछ ।
- पशु बधशाला निर्माण गरी स्वच्छ एवं स्वस्थ मासुको उपभोग गर्न सक्ने अवस्था सृजना गर्ने कार्यमा निरन्तरता दिईनेछ ।

ढ) लक्षित समुह :–

- विभिन्न लक्षित समुहलाई आर्थिक, सामाजिक, साँस्कृतिक, धार्मिक, संरक्षण र विकास गर्नेगरी आवश्यकताको पहिचान गर्दै उत्थान र समृद्धिको कार्यक्रम संचालन गरिनेछ ।

ण) सरकारी, गैह्र सरकारी संस्था संग समन्वय र सहकार्य गरी :–

- यस नगरपालिका क्षेत्र भित्र संचालन हुने विभिन्न कार्यक्रमहरुमा सरकारी/ गैरसरकारी संघ संस्थासंग लाभान्वित समुहको हितलाई मध्यनजर राखी समन्वय र सहकार्य गरिनेछ ।

५. विविध :–

- यस नगरपालिकाको नगरवासीहरुको अधिकाधिक हित हुनेगरी अन्य नीती तथा कार्यक्रम एवं आवश्यक कानुन तर्जुमा गर्दै कार्यान्वयनमा ल्याइनेछ ।

**पूर्वाधार तथा भौतिक विकास सम्बन्धी नीति** :-

१. पूर्वाधार विकास कार्यमा जनपरिचालन र लागत जनसहभागितामा आधारित कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चालन गरिने छ ।

२. अधुरा तथा क्रमागत योजनाहरुलाई पूर्णता दिंदै लगिने ।

३. पूर्वाधार निर्माण गर्दा महिला मैत्री, बाल मैत्री तथा अपाङ्ग मैत्री नीति अवलम्बन गरिने छ ।

४. नगरपालिकाको भौगोलिक सूचना प्रणाली GIS लाई अध्यावधिक गर्ने कार्य शुरु गरी योजना तर्जुमा, कार्यन्वयन र राजश्व परिचालनमा सहजता ल्याइने व्यवस्था मलाइने ।

५. उपभोक्ता समिति मार्फत् संचालन हुने आयोजनाहरु निर्माण सम्पन्न भई फरफारक भएपछि दीर्घकाल सम्म आयोजना संचालन व्यवस्थापन र मर्मत सम्भारमा स्वयं उपभोक्ताहरुलाई नै जिम्मेवार बनाउने नीति अवलम्बन गर्ने व्यवस्था मिलाउने ।

६. भौतिक पूर्वाधार तथा संरचनाहरुको गुणस्तर कायम गर्ने कार्यलाई प्रभावकारी बनाउन उप-प्रमुख सम्वन्धीत वडाध्यक्ष समेतको नेतृत्वमा नगरस्तरीय अनुगमन समिति गठन गरिएको छ जसको माध्यमबाट उपभोक्ता समितिको ससक्तिकरण र गुणस्तर कायममा थप प्रभाकारी बनाउदै लगिने छ ।

७. नगर क्षेत्रको व्यवस्थित विकास गर्न सम्भावनाहरुको खोजी र उपयोग गरि नगरको संबृद्धि र सम्मानलाई टेवा पुऱ्याउन नगर पार्श्व चित्र (Municipal Profile) निर्माण गरी रणनीतिक सडक, शहरी सडक र अन्य सडक संजालको विकास गर्न सवारी तथा यातायात व्यवस्थापन गर्न नगर यातायात गूरु योजना (Municipal Transport Master Plan MTMP), खानेपानी तथा ढल निकास गुरुयोजना तर्जुमागरि चणबद्ध रुपमा कार्यन्वयनमा गर्दै जाने ।

८. यस नगरपालिकाको भूगोललाइ समेट्ने गरी चरण बद्धरुपमा रिङरोड निर्माण कार्यलाइ निरन्तरता दिने ।

९. .हरिपुर नगरपालिका वडा नं. २ हाटबजार क्षेत्र, वडा नं. ५ मुजुरबा बजार क्षेत्र, लक्ष्मीपुर बजारक्षेत्र जानकीनगर हाटबजारक्षेत्रको विस्तृत प्राजेक्ट रिपोर्ट (DPR) तयार गरि सोहिबमोजिम क्रमशः बजार विकास गर्दैजाने साथै पिडारी र फरहदवा को बजारकोलागि जग्गा व्यवस्थापन गरिने छ ।

१०. हरिपुर नगरपालिकाको नयां भवन, वडा नं. ७, ८, ५ र ४ का वडा भवन निर्माण गर्न आवश्यक जग्गा व्यावस्थापन गर्ने ।

११. हरिपुर नगरपालिका को भू-भाग लखनदेही, झिम जस्ता खोला तथा नदीहरुको कटानलाई ध्यानमा राखी अति जोखिमपूर्ण स्थानहरुमा तटबन्धको लागि भू-संरक्षण विभाग र जनताको तटबन्ध कार्यक्रम संग समन्वय तथा सहकार्य गरी कटान नियन्त्रण गर्ने व्यवस्था मिलाउने ।

१२.हरिपुर नगरपालिका वडा नं. २ को उपयुक्त स्थानमा लखनदेही नदीमा पूल निर्माण लगायतका अन्य निकायसँग (DPR) तयारगरि झोलुङ्गे पुल निर्माणको लागि आवश्यक कार्यक्रम व्यवस्था मिलाउने ।

१३. बस्ती भित्रका गल्लीहरु र आर्थिक सामाजिकरुपले पछी परेका बर्गको बस्ती भित्रका गल्लीहरुलाइ पक्की ढलान गर्ने कार्यलाइ नगरपालिकाबाट प्राथमिकता दिने ।

१४. नगरपालिकामा रहेको मौजुदा प्राविधिक तथा प्रशासनिक जनसक्तीलाइ मध्यनजर गरी नगरपालिकाबाट संचालनहुने भौतिक निर्माण समन्धी योजनाहरु मध्ये पाँचलाख रुपैया भन्दा बढी लागतका योजनाहरु गुणस्तर कायम गर्न र न्यूनतम लागतमा सम्पन्न गर्न खुल्ला प्रतिस्पर्धाद्वारा कार्यन्वयनगर्ने नीति अबलम्बन गर्ने ।

१५. बित्पन्न बर्गका नागरिकहरुको बस्ती क्षेत्रका सडक गल्लीहरुलाइ प्राथमिकताकासाथ पक्की ढलान तथा पिच गर्ने कार्यलाइ प्राथमिकतामा राख्ने ।

**राजश्व परिचालन एवं अभिबृद्धि समन्धी नीतिहरुः**-

१. श्रोत व्यवस्थापनलाइ बैज्ञानिक, यथार्थ परक र व्यवस्थित गर्न कम्प्यूटरीकृत (Computer Software) को प्रयोगबाट Database का आधारमा कर शुल्क संकलन कार्यलाइ प्रभाकारी बनाउने ।

२. करको दर भन्दा दायरा बृद्धिगर्ने नीति बनाइ श्रोत व्यवस्थापनलाई समता मुलक, प्रगतिशिल र न्यायपूर्ण बनाई नगरपालिकाको राजश्वका थप क्षेत्रहरुको पहिचान गर्दै संकलन तथा व्यवस्थापनमा निजी क्षेत्रसंगको सहकार्य,

राजश्व सम्बन्धी सूचना तथा तथ्यांकको बैज्ञानिक अभिलेखिकरण गर्ने, करदाता परिचयपत्र जारी गर्ने, अग्रिमकर बिजक जारी गर्ने बक्यौता कर तथा शुल्क संकलनकालागी बिशेष अभियान संचालन गर्ने ।

३. करदाताहरुलाइ कर तिर्न प्रोत्साहित गर्न नगरपालिकाका विभिन्न क्षेत्रमा विविध कार्यक्रम सहित उद्योग बाणिज्य संघ संगको सहकार्यमा कर सचेतना कार्य सञ्चालन गर्ने ।

४. सम्पत्तिकर तथा अन्य कर राजश्वलाई ब्यवस्थित एवं प्रभावकारी बनाउन करदाताहरुको तथ्यांक अद्यावधिक गर्न मालपोत तथा नापी कार्यालय निकायहरुसंग समन्वय गरी घर तथा जग्गाको लगत कायम गर्ने ।

५.सम्पत्तिकरलाई ब्यवस्थित गर्न जग्गा मूल्यांकनको सम्बन्धमा मालपोत कार्यालयले रजिष्ट्रेसन पास प्रयोजनकोलागि कायम गरेको न्यूनतम मूल्यलाइ आधारमान्ने र भौतिक संरचनाको मूयांकनका सम्बन्धमा घर कर लगाउने संदर्भमा २०७५ श्रावण १ गते देखि लागु भएको सम्पत्तीकरको आवश्यकता अनुसार प्राविधक मूयांकनलाइ आधार बनाइसम्पत्तिकर मूल्यांक गरी कर निर्धारण तथा संकलन गरिन छ ।

६.सम्पत्तिकर कर बुझाउने कुनै करदाताले आफ्नो नाममा रहेको सम्पत्ति लुकाइ वा खण्डीकरण गरी वा भौतिक संरचना नदेखाई सम्पत्ति मूल्यांकन गराई कर तिरेको प्रमाणीत भएमा बास्तविक सम्पत्तिको मूल्यांकनबाट लाग्ने कर रकममा साविकमा बुझाएको रकम घटाइ बांकी रहने रकममा २५ प्रतिशतले हुने थप रकम जरिवाना गरी असुल गरिने छ । सम्पत्तिको मूल्यांकन गर्दा निजको स्वामित्वमा प्राप्त भएको मिति र सम्पत्ति कर लागूभएको बर्ष दुवै तथ्यलाई ध्यानमा राखी गणना गर्ने ।

७. मनोरञ्जन करको हकमा २०७५ श्रावण १ गते देखी केवल नेटवर्क Dish Home जस्ता मनोरञ्जनात्मक सेवा प्रदायकहरुलाइ कूल ग्राहक संख्याको आधारमा मनोरञ्जनकरको दायरामा समेटदै लैजाने ।

८. सौर्य उर्जामा आधारित सडकबत्ती सेवा प्रवर्धन गर्न सोलार पोलमा निजी क्षेत्रको सहकार्यमा ब्यावसायिक विज्ञापन प्रवर्धन गरि यसबाट परिचालनहुने राजश्व सडकबत्ती सेवाको नियमित मर्मत सम्भार गर्ने काममा परिचालन गर्ने ।

९. नगरपालिकाद्वारा तोकिएको श्रावण १ गते देखि सम्पत्तिकर, पेशा ब्यवसायकर र घर बहालकर अग्रिमरुपमा बुझाउने करदाताहरुलाइ लाग्ने करमा १० प्रतिशत छुट दिइने छ । चालु आ.ब.को श्रावण १ गते देखि आषाढ मसान्तसम्म नगर सभाले तोकेको दर बमोजिम मालपोत तथा भूमीकर असुल उपर गरिने छ । कर नबुझाई बक्यौता कायम हुन आएमा बक्यौता कायमहुन आएको पहिलो बर्ष १० प्रतिशत र त्यसपछिका प्रत्येक बर्षहरुका लागी थप २५ प्रतिशतका दरले विलम्ब शुल्क जोडी बक्यौता समेत असुल उपर गर्ने ।

१०. गरिवी नक्साङकनबाट बित्पन्न ठहर भएका नागरिकहरु अपाङ्ग असहाय, अशक्त, दैविप्रकोप पीडित, द्वन्द्व पीडित, जेष्ठ नागरिक, एकल महिला (दलित ६० बर्ष र अन्य ७० बर्ष माथिका) हरुको शिफारिस निःशुल्क गर्ने ।

११. राजश्व संकलन कार्यलाई थप प्रभावकारी बनाउन नगरबासीहरुलाई सेवा सुविधा उपलब्ध गराउंदा नगरपालिकामा भुक्तान गर्नु पर्ने कुनै कर शुल्क दस्तुर बांकी नरहेको आधारमा सेवा सुविधा उपलब्ध गराउने नीति अवलम्बन गर्ने ।

१२. सम्पूर्ण करदातालाई स्वःस्फुर्त रुपमा करको दायरामा ल्याई आफूले तिरेको करको उचित उपयोग भएको छ भन्ने अनुभूति दिलाइने छ । नगरपालिकालाइ नियमित र बढी कर तिर्ने करदातालाई सम्मानित गर्ने नीति अवलम्बन गर्ने

१३.उपभोक्ता समितिबाट संचालन गरिने निर्माण कार्यमा नगरपालिकाको स्वामित्वमा रहेका र स्वामित्वमा आउने टीपर, ब्याक हो लोडर जस्ता यान्त्रिक साधन अनिवार्य प्रयोग गर्नुपर्ने नीति अवलम्बन गरी उक्त साधन प्रयोग बापत प्राप्त भाडाबाट थप आन्तरिक स्रोत संकलन गर्ने छ ।

१४. नगरपालिका कार्यालयमा कार्यरत कर्मचारीको आफ्नो घर बहालमा दिएको भए बहालकर, ब्यवसाय गरेको भए ब्यवसाय कर र सम्पत्ति कर समयमै बुझाउन अनिवार्य गर्ने ।

१५. नगर स्तरिय उद्योग बाणिज्य संघ संग समन्व गरी ब्यवसाय कर असुलीलाई थप प्रभावकारी बनाउने ।

१६. खाली पर्ती, सरकारी तथा नगरपालिकाको स्वामित्वमा रहेका जग्गाहरु हजारौं विघा देखिएको छ उक्त जग्गाको उपयोग गर्दै आन्तरिक आयश्रोत बृद्धी गर्न नेपाल सरकार, मत्स्य विकास आयोजना, बालाजु काठमाडौ संग समन्वयगरि उक्त जग्गामा अभियानकोरुपमा पोखरी निर्माण गरि नं. २ प्रदेशकै मत्स्य हव निर्माण गर्ने कार्यलाइ प्रथमिकताकासाथ संचालन गर्ने ।

**<u>सुशासन प्रवर्धन एवं संगठन विकास सम्बन्धी नीतिहरुः-</u>**

१. नगरपालिकाबाट प्रदान गरिने सेवाहरु असहाय अपाङ्गता भएका ब्यक्ति, जेष्ठ नागरिकलाई सेवामा अग्राधिकार प्रदान गर्ने नीति अवलम्बन गर्ने ।

२. पारदर्शिता एवं सुशासनका लागि नगरपालिका संग सम्बन्धीत सूचनाहरुलाइ विद्युतिय तथा छापा सञ्चार माध्यमबाट सार्वजनिकिकरण गर्ने कार्यलाइ थप प्रभावकारी बनाउने ।

३. कर्मचारीहरुको कार्य सम्पादन मूल्यांकनलाइ थप प्रभावकारी बनाई दण्ड र पुरस्कारको नीतिलाइ ब्यवस्थित गरिने छ ।

४. सामाजिक परिक्षण, सार्वजनिक सुनुवाई र सार्वजनिक परिक्षणका माध्यमबाट सुशासन पारदर्शिता र जवाफदेहितामा अभिबृद्धि गराउन सवै आयोजना कार्यक्रमहरुमा उल्लेखित विधिको प्रयोग गर्ने ।

५. सेवा प्रवाह सुब्यबस्थितगर्दै वडा कार्यालयहरुलाइ नेट वर्किङ गरि घटना दर्ता तथा समाजिक सुरक्षा जस्ता कार्यलाइ अनिवार्य Online गर्ने ।

६. जेष्ठ नागरिक, एकल महिला तथा फरक क्षमता भएका सामजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको पायक पर्ने बैंकमा बचत खाता खोली भत्ता बैक मार्फत् वितरण गर्ने ।

७. कर्मचारीको संख्या नपुग भइ सेवा प्रबाहमा कठिनाइ भइरहेको हुंदा नेपाल सरकार, प्रदेश सरकारबाट कर्मचारी सरुवा भइ नगरपालिकामा नआए सम्म वा वढीमा २०७६ साल आषाढ मसान्त सम्मकोलागि नगरपालिकाका विभिन्न वडामा कार्यरत नगरपालिकाले छनौटमा परेका सेवा करारका सहयोगी प्राविधिक कर्मचारीहरुलाई सोही पद र प्रचलित स्केलमा आवश्यक वडाहरुमा काममा लगाइने छ ।

८. आवश्यक दरवन्दी बमोजिम नेपाल सरकारबाट कर्मचारीको ब्यवस्था नभए सम्मकोलागि फिल्ड भत्ता, स्थानीय भत्ता तथा ओभरटाइम भत्ता नपाउनेगरि उपलब्ध कर्मचारीबाटै नगरपालिकाको कार्यसम्पन गर्न गराउन उपलब्ध श्रोत, साधन तथा विनियोजको आधारमा प्रोत्साहन भत्ता प्रदान गर्ने ।

९. नगरपालिकाबाट भएका विकास निर्माण लगाएतका अन्य काम कारवाहीका सम्वन्धमा समय समयमा सार्वजनिक सुनवाई गरी सो बाट प्राप्त प्रतिक्रियालाई समेत मध्यनजर राखि नगरको काम कारवाहीलाई अगाडी बढाईने ।

**<u>सामाजिक विकास तर्फ अवलम्बन गरिने नीतिहरु</u> :-**

१ विकास आयोजनाहरुको संचालनमा महिलालाइ अनिवार्य सहभागी गराउने नीति अवलम्न गरिने छ ।

२. बित्पन्न बर्गका नागरिकहरुलाइ नगरपालिकाको तर्फबाट छोरा नभएको अति विपन्नहरुको लागि आवाश कार्यक्रम संचालन गर्ने ।

३. महिला बालबालिका तथा अन्य लक्षित बर्गलाई प्रत्यक्ष फाइदा पुग्ने खालका आयोजनाहरुलाइ प्राथमिकतामा राखी कार्यन्वयन गर्ने ।

४. नगरपालिकाबाट सामुदायीक विद्यालयमा गरिने लागानीलाई विद्यालयको शैक्षिक गुणस्तरको सुनिश्चिततालाई आधार बनाउने नीति अवलम्बन गर्ने ।

५. प्राथमिक शिक्षालाई गुणस्तरीय बनाउन आवश्यक संख्यामा शिक्षक शिक्षिकालाइ मन्टेश्वरी तालिम लागत सहभागितामा संचालन गर्ने ।

६. नगर क्षेत्रका बालबालिकाको समग्र बस्तुस्थिति विश्लेषण सहित प्रोफाइल तयार गरी बालमैत्री स्थानीय शासन प्रारुप अनुसारको सूचक हासिलगर्न विकास साझेदारवीच समन्वयात्मक कार्यक्रमहरु तर्जूमागरी कार्यान्वयन गर्ने ।

७. बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०६८ र कार्यन्वयन रणनीति २०६८ अनुरुप यस नगरपालिकालाइ बालमैत्री नगर निर्माण गर्नकालागि क्रमशः नमुना वडाको अवधारणा बिकास गरी सरोकारवाला संघसंस्थाहरु संगको सहकार्यमा बालमैत्री स्थानीय शासन प्रवर्धन कार्यक्रम प्रभावकारी रुपमा संचालन गर्ने ।

८. नगरलाइ पूर्ण साक्षर नगर बनाउन सम्बन्धित सारोकारवाला निकायहरुसंग सहकार्य र समन्वयमा पहल गर्ने ।

९. साहित्य काला र संस्कृतिको संरक्षण, प्रवर्धन तथा विकासका लागि सम्बन्धित सरोकारवालाहरुसंग सहकार्य गर्ने ।

१०.समुदायमा आधारित टोल विकास संस्थाहरु निर्माण गरी सहयोगी संघ संस्थाहरुको सशक्तिकरण गरी स्वाबलम्बी विकासको अवधारणालाई बढवा दिने ।

११. नगर दलित उत्थान संजाल, आदिवासी जनजाती समन्वय समिति, अपांग समन्वय समिति जस्ता नगर स्तरीय समन्वय समिति र संजालहरुको क्षमता विकास एवं शसक्तिकरण गरी आर्थिक सामाजिक रुपले पछीपरेका वर्गको विकास र उत्थानमा ती समितिहरुको मूमिकालाई अझ प्रभावकारी बनाउदै लगिने ।

१२. स्थानीय तहका विवादहरु वडास्तरमा नै समाधानका लागि बैकल्पिक ब्यवस्थापनको रुपमा संचालनमा आएको मेलमिलाप कार्यक्रमलाई थप प्रभावकारी बनाई अन्य वडाहरुमा समेत संचालनमा ल्याईने ।

**<u>बन बातावरण तथा सरसफाई नीतिः-</u>**

१. बातावरणमैत्री स्थानीय सरकार (EFLG) अवधारणा अनुरुप नेपाल सरकारले जारी गरेको Frameworks का परिसुचकहरुलाइ नगरपालिकामा लागु गर्न, बातावरण मैत्री हरिपुर नगरपालिका बनाउने क्रियाकलाप कार्यन्वयन गर्दै जाने ।

२. हरिपुर नगरपालिकालाइ हरित नगरपालिकाको रुपमा विकासगर्न सार्वजनीक ऐलानी, पर्ती जग्गाहरु यकिन गरी बृक्षारोपण तथा संरक्षण कार्यलाई निरन्तरता दिदै जाने ।

३. सडक मापदण्ड गाउँ वाहिर ३० फिट चौंडा र गाउँ वस्तीमा नपुग स्थानमा सोही मापदण्ड लागु हुेने बाँकी स्थानमा  सडकका दुवै साइडमा अभियानको रुपमा बृक्षरोपण कार्यक्रम संचालन गरि बातावरण संरक्षण कार्य संचालन गरिने छ नक्सा बमोजिम र आनिवार्य शर्सतको रुपमा कार्यन्वयन गरिदै लगिने छ ।

४. हरिपुर नगरपालिका क्षेत्रको उपयुक्त स्थानमा आधुनिक नर्सरी स्थापनागरी नगर क्षेत्रलाइ आवश्यक बोट विरुवा उत्पादन गर्ने र बिक्रीबाट आन्तरिक आय अभिवृद्धि गर्ने कार्यलाय प्राथमिकताका साथ अगाडी बढाउने ।

५. यस हरिपुर नगरपालिका क्षेत्र भित्रका सामुदायीक विद्यालय, कार्यालय, सार्वजनिक स्थलमा प्लाष्टिक झोला र प्लाष्टिक चियाकप क्रमश: निषेध निषेधित गर्दै लैजाने ।

६. नगरपालिकाले फोहर संकलन सेवालाइ यसै वर्षदेखी संचालनगरि फोहोर ब्यबस्थापन गर्न ल्याण्ड फिल्ड साईटको ब्यवस्थापन मिलाइने छ ।

८. सफा हरित र उज्यालो शहरको अवधारणालाइ मध्यनजर गर्दै सौर्य सडकबत्ती जडान कार्यलाइ लागत सहभागिता लाइ प्रोत्साहन गर्दै सो का लागि रकमको ब्ययस्था गरी नगर क्षेत्र भित्रका सौर्य सडक बत्ती चोक बजार क्षेत्र भित्र सौर्य सडक बती जडान गरिदै लगिने छ ।

९. पुर्ण सरसफाई अभियानलाई निरन्तरता दिन शर्सत अनुदानको रकमबाट समेत नगरक्षेत्र भित्र सफाई अभियान चलाउने ।

१०. वडा नं. ७ चितायन क्षेत्रमा चिल्ड्रेन पार्क, पौडी पोखरी निर्माण गरी पर्यटकीय क्षेत्रको रुपमा क्रमश: विकास गर्दै लगिने छ ।

<u>निर्णयहरु :</u>

१. चालु आ.व. २०७५।०७६ को यथार्थ अनुमान तथा नीति कार्यक्रम बजेट यस सभामा सवैलाई बोलाई तथा स्थानीय सामुदायिक रेडियो हरिवन र रेडियो एकता लालबन्दीका साथै पत्रिकाबाट सवै नगरवासी अतिथिज्यूहरुमा जानकारी गराउन नगरप्रमुखज्यूबाट धन्यवाद दिंदै उक्त बार्षिक बजेटलाई अनुमोदन गर्ने भनि निर्णय गरियो ।

२. यस नगरपालिकाको चौतर्फी समग्र विकासका लागि वित्तिय समानिकरणका लागि र आम्दानीका श्रोतको रकमबाट माग सम्भव नभएकाले अन्य विकास साझेदार संघ संस्था, दातृनिकायहरु विषयगत मन्त्रालय, कार्यालयसँग सहकार्य समन्वय गर्न अनुरोध गर्ने साथै आवश्यक परेमा ऋण परिचालन गर्ने समेत निर्णय गरियो ।

३. यस नगरपालिकाको बोर्ड वैठकबाट गत आ.व.मा भएका खर्च र हाल सम्म भएका निर्णयहरु नगरसभाबाट अनुमोदन गर्ने गरि स्वीकृत गर्ने निर्णय गरियो ।

४. यस नगरपालिकालाई योजनाबद्ध तथा सुब्यवस्थित ढंगबाट संचालन गर्न बनाइएका स्थानिय शिक्षा विधेयक २०७४ स्वीकृत गर्ने निर्णय गरियो ।

५. यस नगरपालिकाको नगरक्षेत्र भित्र ऐलानी प्रति नदी उकास सार्वजनिक जग्गाहरु पहिचान एकिन गरी लगत तयार गरी राख्ने साथै अतिक्रमित जग्गाहरु तत्काल रोकी त्यस्ता जग्गाहरुमा बल मिचाई गरी आफु खुशि बनाएका घर टहरा समेत हटाउन लगाई जग्गा खाली गराउनुका साथै जरिवाना समेत गरी त्यस्ता ब्यक्तिहरुलाई अटेर गरेमा नगरपालिकाबाट प्रदान गर्ने सेवा सुविधामा रोक लगाउने र आवश्यक कारवाही अगाडी बढाउने निर्णय गरिने ।

६. यस नगरपालिका क्षेत्र भित्रका बजार तथा चौंक चौराहामा शहरी सुरक्षालाई मध्यनजर गरी लागत सहभागितामा केन्द्रसँग समन्वय गरी वैकल्पिक उर्जा सोलार वत्तीको ब्यवस्थापन गर्ने निर्णय गरियो

७. यस नगरपालिकाबाट संचालन हुने योजनाहरु संचालन हुन नसकि वाधा अवरोध आएमा उक्त योजना कार्यकम सोही विषय वा ठाउँको योजना कार्यक्रम अर्को स्थान तोकी कार्य गराउन कार्यपालिका बोर्ड वैठक बसी योजना संचालन गर्ने निर्णय गरियो ।

८. यस नगरपालिकाका जनप्रतिनीधिहरु  कामको शिलशिलामा नगर बाहिर जानुपरेमा नगरप्रमुखको स्वीकृति लिई जाने भनि निर्णय गरियो ।

९. यस आ.व.मा गरिने सम्पुर्ण योजनाका कामहरु शुन्य (०) पेश्कीको नीति तय गरी रनिंग विल, फाइनल मुल्यांकन र अनुगमन प्रतिवेदनको आधारमा भुक्तानी दिने साथै गत आ.व. को बेरुजु पेश्की रकम कडाईका साथ असुल उपर गरी फछ्र्यौट गर्ने निर्णय गरियो ।

१०.यस नगरपालिका क्षेत्रहरुमा मुल सडकहरुलाई कार्यपालिकाले तोके अनुसार नपुग स्थानको लागि २९ फिट चौंडा र बाँकी स्थान नक्सा बमोजिम यथावत मापदण्ड कायम गर्ने र मुल सडक बाहेकको भित्रि सडकको हकमा सम्वन्धीत वडा कार्यालयको वोर्ड वैठकको निर्णय अनुसार हुने यस

आ.व.मा गरिने पक्की ढलानको कार्यहरु १० फिट चौंडाईमा कार्य गर्ने र सडक मिची पशु चौपाया निर्माण सामाग्री लगायतका अन्य सामाग्री राखेमा सो बाट कुनै किसिमको दुर्घटना हुन गएमा सो को क्षेती पुर्ती सम्वन्धीत ब्यक्तिबाट नै ब्यहोर्नु पर्ने निर्णय गरियो ।

११. यस नगरपालिका क्षेत्र भित्रका वनहरु विभिन्न समितिका नामबाट संचालन हुदै आएका वनहरु र समितिबाट सदुपयोग र ब्यवस्थित रहेका वन लाई मान्यता दिई वा दुरुपयोग, नोक्सान, क्षेती भएको अवस्था देखिएका वन समितिहरुका सम्वन्धमा वन कार्यालयसँग समन्वय गरी मापदण्ड बनाई अर्को कार्य गर्ने ब्यवस्था मिलाई नगरपालिकाबाट वृक्षारोपणगरि संरक्षण गर्ने र हरियाली वनको रुपमा परिवर्तन गर्ने निर्णय गरियो ।

१२. यस नगरपालिकामा साविक देखि नै करार सेवामा कार्यरत रहेका कर्मचारिहरुको २०७५ श्रावण १ गते लागु हुने गरी २०७६ साल असार मसान्त सम्म करारको म्याद थप गरी नेपाल सरकारले तोकेको न्युनतम तलव स्केल उपलब्ध गराउने निर्णय गरियो र नगरपालिकाले आवश्कता महसुस गरी तत्कालीन अवस्थामा काममा लगाइएका सवारी चालक, सरसफाई सम्वन्धी कर्मचारी कामदारहरुलाई डोर हाजीर गराई पारिश्रमीक उपलब्ध गराउने तथा नगरपालिकाको आवश्यकता अनुसार प्राविधिक, श्रेणीविहिन लगायतका अन्य कर्मचारीहरु सेवा करारमा लिंदा नगरपालिकाबाट सम्झौता बमोजिमको रकम उपलब्ध गराउने गरि  निर्णय गरियो । साथै यस नगरपालिका अन्तर्गत करारमा कार्यरत सामाजिकपरिचालककहरुलाई नगरपालिकाकै श्रोतबाट ब्यहोर्ने गरी मासिक रु. १२,०००।०० का दरले करारमा म्याद थप गरि कामका काजमा लगाउने निर्णय गरियो ।

१३.यस नगरपालिकामा संचालन हुने विभिन्न समिति, कार्यपालिका लगायतका वैठकहरुमा जनप्रतिनीधि लगायत कर्मचारीहरुलाई वैठक भत्ता रु १०००। (करसहित ) र नगर शभाको सहभागी तथा सचिव र सहजिकरणमा खटिएका कर्मचारीलाइ रु. १५०० (कर सहित) का दरले दिने निर्णय गरियो ।

१४.प्रमुख, उपप्रमुख लगायत यस नगरपालिकामा कार्यरत कर्मचारीहरुलाई मापदण्ड बनाई आवश्यकता अनुसार इन्धन उपलब्ध गराउने निर्णय गरियो ।

१५.यस नगरपालिकाले लगाउने सम्पत्ती कर राजश्व समितिबाट शुल्क निर्धारण भई चालु आ.व. २०७५।०७६ को सिफारिस भई आए सोही बमोजिम लागु गर्ने वा कुनै समस्या आई परेमा पुनः विचारका लागि कार्यपालिकाको वोर्ड वैठकबाट समाधान गर्ने गरी निर्णय गरियो ।

१६.यस नगरपालिका क्षेत्रमा रहेका विद्यालयहरु तथा परम्परागत चलि आएको मदर्सा विद्यालयमा अध्ययनरत वालवालिकाहरुलाई गुणस्तर शिक्षा प्रदान गर्न तालिमको ब्यवस्था र अनुदान दिने निर्णय गरियो ।

१७. यस नगरपालिकाको लेखा, घटना दर्ता, सामाजिक सुरक्षा भत्ता सम्पुर्ण वडा कार्यालयहरुमा अनलाईनको माध्यमबाट डाटा प्रविष्टी कार्यलाई अविलम्व निरन्तरता दिने निर्णय गरियो ।

१८. यस नगरपालिका क्षेत्र भित्र रहेका सरकारी जग्गा ऐलानी प्रतिहरुमा घर वनाई बसेकाहरुलाई वहाल विरौती कर र खेती गर्ने किसानहरुसँग प्रतिकठा रु. २५० का दरले साविक देखि बोट विरुवालगाई हाल कटान गरी विक्रि वितरण गर्दा विक्रि मुल्यको ३०% विक्रेताबाट असुल गर्ने र जग्गा खाली गराउने निर्णय गरियो ।

१९.साविक गा.वि.स. लक्ष्मीपुर कोद्रहा हाल हरिपुर नगरपालिका वार्ड नं. ५ र ६ मा सार्वजनिक कार्य गर्दा विभिन्न मुद्दा परी फर फारक नभएकोले उक्त गा.वि.स.को सम्पत्ती दायित्व यस नगरपालिकामा सरि आएकोले सार्वजनिक कार्य उपभोक्ता समिति वडा नं. १ देखि वडा नं. ९ सम्मको उक्त उपभोक्ता समितिको अध्यक्षलाई मुल्यांकन र अदालती मुद्दामा लागेका खर्च एकिन गरी नियमानुसार फरफारक गरी दिने निर्णय गरियो ।

२०.यस नगरपालिकाको वडा भेला तथा जनस्तरबाट माग भई आएका योजनाहरु मध्ये ठुला पुर्वाधारका योजनाहरु आफ्नो स्रोत साधनबाट कार्यान्वयन हुन नसक्ने योजनाहरु कार्यान्वयका लागि संघीय सरकार तथा प्रदेश सरकारसँग अनुरोध गर्ने निर्णय गरियो । जस्तै लखनदेही कटान गरेको हरिपुर पश्चिम साइडको क्षेत्र र पुल, झिम खोलामा पुल, लखनदेहीमा झुलोंगे पुल तथा अन्य कार्यहरु तटबन्ध सिमाना वारीपारी गर्ने निर्णय गरियो ।

२१.यस नगरपालिकाको भवन निर्माणको लागि नगरक्षेत्र भित्र पायक पर्ने ठाउँको लागि जग्गा दातासँग जग्गा माग गर्ने वा सो उपलब्ध नभएमा सार्वजनिक जग्गा एकिन गरी नगरपालिका भवन कार्यालय निर्माण अगाडी बढाउने निर्णय गरियो ।

२२.यस नगरापालिकाबाट संचालन हुने नगर पिचको स्थान सानोजगतपुर, जानकीनगर पिचमोड देखि पिडारी हरैया जोडने, फरहदवा रोड कचहरी देखि लक्ष्मीपुर रैन बांकी मलंगवा रोड सम्म र मदर्सा चौंक देखि मजुर्वा जाने रोड तथा जगतपुर स्कुल देखि गाउँ भएर नवलपुर मलंगवा सडकको चौतारा सम्म तथा झिम नदी लालबन्दी नगरपालिकाको सिमाना देखि कालोपत्रे २० फिट चौंडाई गर्ने निर्णय गरियो ।

२३.यस आ.व. २०७५।०७६ मा संचालन हुने सम्पुर्ण योजनाहरु वित्तिय समानिकरण आन्तरिक राजश्व बाँडफाडबाट विभिन्न शिर्षक सिलिङ्गमा उल्लेख भए बमोजिम हुने र सशर्त अनुदानमा तलव भत्ता पेश्की बाहेक कार्यक्रमका शिर्षकहरु सोही विषयगतका कर्मचारीहरुबाट नियमानुसार संचालन गराउने निर्णय गरियो ।

२४.यस नगरपालिकाबाट संचालन हुने कालोपत्रे लगायतका अन्य निर्माण सम्वन्धी कार्यहरु गर्दा ५० लाख भन्दा माथीका राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरी ठेक्का प्रक्रियाबाट र बाँकी योजनाको हकमा स्थानीय पत्रिकामा सूचना प्रकाशित गरी ठेक्का प्रक्रिया द्वारा गरिने र बाँकी अन्य योजनाहरु वडा देखि केन्द्र सम्मको ठेक्का उपभोक्ता समितिबाट संचालन गर्ने निर्णय गरियो ।

२५.हरिपुर नगरपालिकाका कर्मचारी हरुको कार्यवोझ अत्याधिक भएको , कार्यलयको काम ब्यवस्थित गर्न सांझ विहान समेत कार्यलयमा तथा फिल्डमा खटिई काम गर्नु पर्ने अवस्था रहकोले नगरपालिका क्षेत्रभित्र फिल्डमा खटिदा थप दैनिक तथा भ्रमण खर्च एवंम फिल्ड भत्ता **न**पाउने शर्तमा नगरपालिका तर्फका स्थायी कर्मचारीलाइ तथा संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालयको प.सं. २०७५।०७६, च.नं. १५९, मिति २०७५।०६।१५ गतेको पत्रबाट सुचना प्राविधिक अधिकृतलाई स्थानीय भत्ता उपलब्ध गराउने भनि परिपत्र प्राप्त भएको हुँदा सोही बमोजिमको स्थानीय भत्ता सुचना प्रविधि अधिकृतसमेतलाई उपलब्ध गराउने यसै नगरसभा द्वारा विनियोजित रकमबाट सुरु तलब स्केलको ३०% दरले मासिक रुपमा उत्प्रेरणा भत्ता कर्मचारीहरुलाई २०७५ श्रावण १ गते देखि लागु हुने गरी उपलब्ध गराइ कामकाज गराउने निर्णय गरियो ।

२६.यस नगरपालिका अन्तर्गत वाड नं. ९ पिडारीमा खानेपानी तथा सरसफाईको लागि जग्गा हस्तान्तरण गर्ने र उक्त आयोजनामा सहयोग गर्ने वागमती सेवा समाज र अक्सफाम संस्थाको लगानीमा हुने खर्चको सम्झौता अनुसार नगरपालिकाबाट ब्यहोर्ने रकम खानेपानी शिर्षकमा उल्लेखित बजेट शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

२७.यस नगरपालिकामा अन्य शिर्षक र मन्त्रालयबाट प्राप्त हुने रकमको सन्दर्भमा सहयोग पुऱ्याउने संस्था वा फर्म मार्फत संचालन गर्ने निर्णय गरियो ।

२८. प्रदेश सरकारबाट प्राप्त भएको सशर्त अनुदान बेटी पढाउ बेटी बचाउ अभियानका नियमित शिक्षा क्षेत्रमा लगानीको लागि माग गर्ने निर्णय गरियो ।

२९.यस नगरपालिकाको डि.पि.आर., एम.टि.एम.पि. र नगर प्रोफाइलको निर्माण छुट भएकोले ठेक्का को घटाघट बाँकी रहन आएको रकमबाट उक्त कार्य सम्पन्न गर्ने भनि निर्णय गरियो ।

३०. रु. ५,००,०००।०० सम्मको रकम विनियोजन भएका वडागत योजनाहरुको योजना उपभोक्ता समितिसँग सम्झौता गर्न वडा सचिवहरुलाई अख्तियार दिने निर्णय गरियो ।

३१. राष्ट्रिय अन्तराष्ट्रिय दात्री निकायहरुसँग समन्वय गरी यस नगरपालिकामा योजना ल्यायमा सोही ब्यक्तिलाई संचालन अनुमति र सहयोग गर्ने निर्णय गरियो ।

३२. यस नगरपालिकामा कार्यरत सुचना प्रविधि अधिकृतको तलवको ७५% मात्र स्थानीय स्वायत शासन कार्यक्रम (LGCDP) ब्यहोर्ने भनि परिपत्र आएको हुँदा यस नगरपालिकाबाट २५% को दायित्व वहन गर्ने निर्णय गरियो ।

३३.नगरपालिका साविक वोर्ड वैठकवाट र कार्यपालिकाबाट हाल सम्म  नगरसभाबाट स्वीकृत वा अनुमोदन गराउने गरी भएका सवै निर्णयहरु अनुमोदन गरी ती निर्णहरुवाट भएका सवै कार्यहरु स्वीकृत गरियो ।

३४.यस नगरपालिका द्वारा आयोजना गरिने विभिन्न तालिम तथा प्रशिक्षण कार्यक्रमहरुमा संलग्न विषय विज्ञ वा सहजकर्ताहरुको प्रति शेसन पारिश्रमिक देहाय वमोजिम निर्धारण गर्ने निर्णय गरियो ।

१ रा.प. प्रथम श्रेणी रु ३०००।००
२ रा.प. द्धितिय र तृतिय श्रेणी रु २५००।००
३ अधिकृत स्तर छैंठौ रु २०००।००
४ सहायक स्तरको रु १५००।००

साथै वाह्य श्रोत ब्यक्ति वा सहजकर्ताको पारिश्रमिक प्राप्त प्रस्तावमाथि विचार गरी नगरपालिकाले तोकेवमोजिम हुनेछ ।

३५.राजस्व परामर्श समिति वाट सिफारिस भई पारित भएका करका दरहरु स्वीकृत गर्ने र परिमार्जन गर्न  आवश्यक भएमा परीमार्जन गरी कर , दस्तुर शुल्कहरुको दररेट कायम गर्न हरिपुर न.पा. कार्यपालिकालाइ अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

३६.नगरपालिकाको सेवा प्रवाह र कर्मचारीसंग सम्वन्धित अन्य आवश्यक निर्देशिकाहरु तथा विनियमहरु वनाई लागु गर्ने र नगरको हित हुने खालका अत्यावश्यक आयोजना वा कार्यक्रमहरु बजेट प्राप्त गरी संचालन गर्न विभिन्न लक्षित वर्गका कार्यक्रमहरु निजहरुसंगको छलफल र सहकार्यमा छनौट गरी कार्यान्वयन  गराउन तथा नगरको हित हुने खालका अन्य समसामयिक कार्यक्रमहरु संचालन गर्ने ब्यवस्था मिलाउन हरिपुर नगरपालिका कार्यपालिका वोर्डलाई अधिकार दिने समेत निर्णय गरियो ।

३७.हरिपुर न.पा.वडा नं. ७ चितायनको वन क्षेत्र नापी नक्साको आधारमा नगर वनको रुपमा विकसित गर्दै उक्त स्थानमा वाल उद्यान समेत निर्माण गरी पर्यटकीय स्थलको रुपमा विकास गर्ने र अन्य स्थान पहिचान गरि पर्यटकीय स्थलको विकास गर्ने निर्णय गरियो ।

३८.नगरपालिकाको महत्वपूर्ण निर्णहरु, विकास गतिविधिहरु लगायत सम्पूर्ण गतिविधिहरुका वारेमा सरोकारवालाहरु सवैलाई सुसुचित गराउन पुस्तक वुलेटिन प्रकाशन तथा स्थानिय रेडियोहरुवाट प्रत्यक्ष प्रसारणको ब्यवस्था मिलाई नगरका गतिविधिहरु नगरवासीलाई जानकारी गराउने कार्य मासिक रुपमा संचालन प्रकासन गराउने निर्णय भयो ।

३९.हरिपुर नगरपालिकाको हितको लागि विभिन्न विषयमा समय समयमा वस्ने वडा समितिको वैठक, राजस्व परामर्श समिति, विषयगत समिति, कार्यपालिका बैठक लगायतका वैठकमा सहभागिता वापत पदाधिकारी तथा सचिव र सहजिकरणमा खटिएका कर्मचारी लाइ वैठकमा भत्ता प्रतिदिन प्रतिब्यक्ति रु १०००। (करसहित ) र नगर शभाको सहभागी तथा सचिव र सहजिकरणमा खटिएका कर्मचारीलाइ रु. १५०० (कर सहित) का दरले दिने निर्णय गरियो ।

४०.हरिपुर नगरपालिका कार्यालयमा कार्यरत कर्मचारीहरुलाई आ.व. ०७५।०७६ मा भूक्तानि गर्नुपर्ने तलव तथा ग्रेड एकीन गरी तयार भएको तलवी प्रतिवेदन अनुमोदका लागि पेश हुन आएको हुंदा सो तलवी प्रतिवेदन पारित गर्ने निर्णय गरियो ।

४१.टेलिफोन मोवाईल महसुलका सन्दर्भमा कार्यालय प्रयोजनको लागि प्रयोग भएको टेलिफोनको प्रमुख, उप-प्रमुख र कार्यालय प्रमुखलाई प्रतिमहिना १५००।०० का दरले उपलब्ध गराउने र अन्य कर्मचारीलाई आवश्यकता अनुसार संचार खर्च उपलब्ध गराउने र वडाध्यक्षहरुमा सम्वन्धीत वडाको वडा संचालन खर्चबाट निर्णय गरियो ।

४२.यस नगरपालिकाले लगाउने कर, दस्तुर र शुल्कका सम्वन्धमा चालु आ.व. ०७५।०७६ को दरहरु राजस्व परामर्श समतिवाट सिफारिस पेश भइ आएकोमा सोही बमोजिम लागु गर्ने गरी निर्णय गरियो ।

४३.हरिपुर नगरपालिकाको विकास निर्माण गर्नकालागि हाल सम्म प्राप्त अख्तियारी बाहेकको अन्य श्रोतबाट आम्दानी प्राप्तहुंदा यस नगरसभामा पेशभएका जगेडाकोषबाट संचालन गर्ने भनि तोकिएका योजनालाइ कार्यपालिकाको निर्णय बमोजिम प्राथमिकतामा राखी संचालन गर्ने निर्णय गरियो ।

४४.दोस्रो नगरसभा सम्पन्न गर्न अहोरात्र खटिने कर्मचारीहरुलाई विहान, वेलुका तथा रात्रीको समयमा खटिए वापत खटिएको दिनको आधारमा प्रतिदिन दैनिक तलव स्केल बरावर रकम नगरसभा संचालन खर्च शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

४५.वडा भेला जनस्तरबाट माग भई आएका योजनाहरु मध्ये नगरपालिकाको आफ्नै श्रोत तथा साधनबाट कार्यान्वयन हुन नसक्ने ठुला पुर्वाधारका योजनाहरु कार्यान्वयनको लागि संघीय सरकार र प्रदेश सरकारसँग अनुरोध गर्ने ।

४६.यस हरिपुर नगरपालिका क्षेत्र अन्तर्गत वर्षातको बेलामा जिर्ण रहेका बाटो र डुवानमा रहेको बजार संचालन र सुचारु गर्न तत्काल वडा कार्यालयबाट हरिपुर नगरपालिकाको सवारी साधन प्रयोग गरी ब्यवस्थापन गरिएको र सो संचालन तथा सुचारुमा लागेको इन्धन खर्च रकम वडा समितिबाट एकिन गरी सिफारिस भई आए बमोजिमको भुक्तानी दिने निर्णय गरियो ।

४७.यस नगरपालिका क्षेत्र भित्र रहेका नीजि तथा सामुदायिक विद्यालयहरुलाई अपग्रेड गर्दै लैजाने निर्णय गरियो ।

४८.यस नगर क्षेत्र भित्र बन तथा अवादी वस्ती भएकोले धेरै काठे घरहरु छ, त्यसको लागि वारुण यन्त्र (१ - दमकल) को लागि सम्वन्धीत नियकामा माग गर्ने निर्णय गरियो ।

४९.यस नगरपालिकाबाट संचालन हुने योजनाहरु वा नगरलाई आवश्यक समान साधन श्रोत सहितमा कार्य गर्दा यस नगरपालिकाको नगरप्रमुख समक्ष जानकारी गराई कार्य गर्न हुने निर्णय गरियो ।

५०.यस नगरपालिका र वडाबाट संचालन हुने विकास निर्माणका कार्यहरुमा विनियोजित रकमबाट ३% कन्टिजेन्सी अग्रीम करकट्टी गरी बाँकी हुन आउने रकमबाट योजना संचालन गर्ने निर्णय गरियो ।

५१.जनप्रतिनीधिहरुको सेवा सुविधा प्रदेश सरकारले तोके बमोजिम नै उपलब्ध गराउने निर्णय गरियो ।

५२.यस हरिपुर नगरपालिकालाई योजनाबद्ध तथा सुब्यवस्थित ढंगबाट संचालन गर्नका लागि बनाईएका तपसिल बमोजिमका विभिन्न ऐन तथा कानुनहरु स्वीकृत गर्ने निर्णय गरियो ।

- नगरसभा संचालन कार्यविधि २०७५
- हरिपुर नगरपालिका आर्थिक ऐन २०७५
- हरिपुर नगरपालिका विनियोजन ऐन २०७५
- स्थानीय निर्माण सामाग्री दर-रेट २०७५

५३.मिति २०७५।०३।१० गतेमा दोस्रो नगरसभाको उद्घाटन भई छलपल जारी रहेको दोस्रो नगरसभा २०७५ मिति २०७५।०६।१५ गतेमा सार्वजनिकिकरण गर्ने निर्णय गरियो ।

५४.माथी उल्लेखित निर्णयहरुमा जे जती लेखिएता पनि नेपाल सरकारले तोकेको ऐन, नियम, कानुन र विधि अनुसार नै कार्यहरु संचालन गरिने छ ।

# हरिपुर नगरपालिका

को

आ.व. २०७५।०७६ को नीति, कार्यक्रम तथा योजनाहरु